# व्यवसायिक करार खेती प्रोत्साहन अनुदान कार्यविधि,२०७५

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

# व्यवसायिक करार खेती प्रोत्साहन अनुदान कार्यविधि, २०७५

**प्रस्तावना**

व्यवसायिक खेती गर्न चाहने व्यक्ति वा संस्था तथा गरीव, महिला, भूमिहिन र न्यून आय भएका कृषकलाई आयमूलक व्यावसायिक खेती गर्न प्रोत्साहन गरी उनीहरुको आयस्तर बढाउने र प्रयोग नभएका खेती योग्य भूमिलाई कृषि उत्पादनमा प्रयोग गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउने सन्दर्भमा गण्डकी प्रदेशको वार्षिक बजेटमा समावेश भएको व्यवसायिक करार खेती प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई तयार गरेको छ ।

## परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **"व्यवसायिक करार खेती प्रोत्साहन अनुदान कार्यविधि, २०७५"** हुनेछ ।

ख) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेका यस कार्यविधिमा

क) "**व्यवसायिक करार खेती"** भन्नाले खेती योग्य, सरकारी पर्ति जग्गा, नदी वा खोलाले कटान गरेका, विजुलीका हाई टेन्सन लाईन मुनीका कृषि कार्यमा प्रयोग नभएका उर्बर जमिनलाई सम्बन्धित व्यक्ति, संस्था वा स्थानीय निकायसंग करार गरी कृषि वालीहरुको व्यसायिकरणमा प्रयोग गर्ने भन्ने सम्झनु पर्दछ ।

ख) **"सरकारी पर्ति जग्गा"** भन्नाले सरकारको स्वामित्वामा रहेको जंगल, बाटो कुलो र अन्य सार्वजिनक स्थल नजिक रहेका र प्रयोगमा नआएका वा नल्यईएका जग्गालाई सम्झनु पर्दछ ।

ग) **"खेती योग्य जमिन"** भन्नाले खेती गर्न सकिने र कृषि उत्पादन दिन सक्ने व्यक्तिको वा सरकारी पर्ति जग्गा जुन हालसम्म व्यवसायिक कृषि कार्यमा प्रयोग नभएको वा हालका वर्षहरुमा प्रयोगमा नआएको जग्गालाई सम्झनु पर्दछ ।

घ) **"वगर"** भन्नाले नदी वा खोला किनाराको बाढी/डुवान भएको वा हुन सक्ने जमिनलाई जनाउँदछ ।

ङ) "**हाई टेन्सन लाईन"** भन्नाले ठूलो भोल्टको विजुली प्रबाह हुने प्रसारण लाईनलाई सम्झनु पर्दछ ।

च) **"व्यवसायिक खेती"** भन्नाले सरकारी प्रति जग्गा, नदी वा खोलाको वगरमा वा हाई टेन्सन लाईन मुनी रहेको जग्गामा गरिने तरकारी, अदुवा, हलेदो, कफी, चिया र फलफूल आदिको व्यवसायिक खेतीलाई जनाउँदछ।

छ) **“अनुदान”** भन्नाले यस कार्यविधि अनुरुप तरकारी खेती  गर्ने कार्यमा सहयोग पुऱ्याउन उपलब्ध गराईने नगद अनुदान रकम वा सो बराबरको उत्पादन सामाग्रीलाई सम्झनु पर्दछ ।

ज) **"आवेदक"** भन्नाले व्यवसायिक करार खेतीका लागि अनुदान लिनका लागि केन्द्र समक्ष आवेदन दिएका कृषक, कृषि कम्पनी, कृषक समुह, कृषि सहकारीलाई जनाउँदछ ।

झ) **"अनुदानग्राही"** भन्नाले  कृषि यन्त्र तथा ग्रीनहाउस निर्माणको लागि अनुदान पाउनका लागि दफा ७ बमोजिम छनौट भएका आवेदकलाई जनाउँदछ ।

ञ) **“मन्त्रालय”** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।

ट) **“निर्देशनालय**” भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत रहेको कृषि विकास निर्देशनालय सम्झनु  पर्दछ ।

ठ) “**ज्ञान केन्द्र”** भन्नाले कृषि विकास निर्देशनालय अन्तरगत रहेको जिल्ला स्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

ड) **“स्थानीय तह”** भन्नाले गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका भन्ने सम्झनु पर्दछ ।

ढ) **“समिति”** भन्नाले दफा ७ अनुसार गठित समिति सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनका उद्देश्यहरु**

क) सरकारी पर्ति, नदी, खोला किनाराका तथा विजुलीको हाईटेन्सन लाईन मुनी परेको प्रयोगमा नआएको खाली जमिनलाई व्यवसायिक कृषि कार्यमा सदुपयोग गरी कृषि वालीवस्तुको उत्पादनमा बृद्धि गर्ने ।

ख) व्यवसायिक सोच भएका कृषक, समूह, कृषि सहकारी, कृषि कम्पनी, कृषि फार्म आदिलाई खेर गईरहेको जमिन करार नाम गरी कृषिको व्यवसायिकरणमा प्रोत्साहन गर्ने ।

ग) गरीव, न्यून आय भएका र भूमिहिन कृषकहरुलाई कृषिको व्यसायिकरणमा संलग्न गराई उनीहरुको आय आर्जन बढाउने र रोजगारीको सृजना गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन विधि

**४. कार्यक्रम सञ्चालन**

क) यो कार्यक्रम कृषि ज्ञानकेन्द्रबाट कार्यक्रम सञ्चालन हुनेछन् ।

ख) वार्षिक कार्यक्रको वजेट परिधिमा रही यस आर्थिक वर्ष प्रदेशभरी बढीमा २० वटा कार्यक्रम सन्चालन हुनेछ र कार्यक्रमको वाडफाड मन्त्रालयले गर्नेछ ।

ग) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कारणवश मन्त्रालय वा मातहतका निकायबाट कार्यक्रम संचालन गर्न नसकिने भएमा सम्बन्धित स्थानीय तहको समन्वयमा कार्यक्रम संचालन गर्न सकिनेछ।

## ५. प्रस्ताव माग गर्ने

क) व्यवसायिक करार खेतीमा प्रोत्साहन अनुदान दिने उदेश्यले कृषि विकास निर्देशनालयले ३० दिने म्याद दिई राष्ट्रिय पत्रिकामा प्रस्ताव आह्वान गरी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।साथै उक्त सूचना मन्त्रालय वा मन्त्रालय मातहतको निकायको सूचना पाटी, वेभसाईट र स्थानीय तहको सूचना पाटीमा समेत टाँस गर्नेछ ।

ख) सूचना प्रकाशन भए अनुरुप कृषक, समूह र सहकारी संस्थाले देहायबमोजिमका सबै प्रमाण संलग्न गरी अनुसूची-२ बमोजिम निवेदनको साथमा अनुसूची-३ बमोजिम प्रस्ताव भरि पेश गर्न सक्नेछन्।

१. माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायि लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

२. समुह, सहकारी वा संस्थाको हकमा कार्यसमितिको बैठकले परियोजना निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

३. कम्तिमा १० बर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने अनुसूची-५ अनुसारको प्रतिबद्धता पत्र ।

ग) उपदफा (क) र (ख) बमोजिम पेश हुन आएका प्रस्तावहरू कृषि ज्ञान केन्द्रले सम्बन्धित कार्यालयले दर्ता गरी संकलन गर्नेछ ।

## ६. प्रस्तावको छनोट र छनोटका आधारहरू

### व्यवसायिक करार खेतीका लागि ठाउँ छनोटका आधारहरु

क) प्रचलित कानुन अनुसार दर्ता भई संचालनमा रहेका कृषक समूह, कृषि सहकारी, कृषि कम्पनी, कृषि फार्म आदिले व्यावसायिक करार खेती प्रोत्साहन सहयोग प्राप्त गर्न सक्ने ।

ख) खेती योग्य, सरकारी पर्ति, नदी, खोला किनाराका तथा विजुलीको हाईटेन्सन लाईन मुनी परेको प्रयोगमा नआएको खाली जमिनलाई व्यवसायिक कृषि कार्यमा प्रयोग गर्नका लागि मात्र सहयोग उपलब्ध हुने ।

ग) व्यवसायिक करार खेती गर्न ईच्छुक व्यक्ति वा संस्थाले सम्बन्धित स्थानीय तह वा वन उपभोक्ता संस्थासंग दफा (ख) मा उल्लेखित खेती गरिने जग्गाको करार नामा गरेको हुनु पर्नेछ ।

घ) विगत बर्षहरु देखि बगर अन्य सरकारी पर्ति जग्गामा तरकारी वा अरु खेती गर्दै आएका कृषक, कृषक समूह, कृषि सहकारीको हकमा क्षेत्रफल विस्तारका लागि मात्र सहयोग उपलब्ध हुने ।

ङ) वगर वा हाई टेन्सन मूनीको जग्गाको हकमा आफ्नै जग्गा वा भाडामा लिएको जग्गा हुन सक्नेछ ।

च) समूह र सहकारीको हकमा महिलालाई पनि सहभागी गराउँनु पर्दछ ।

छ) भूमिहिन, न्यून आय भएका, महिला, सामाजिक रुपमा पछाडी परेका वर्ग र समुदायलाई विशेष प्राथमिकता दिईने छ ।

ज) कार्यक्रम संचालन सरकारी पर्ति जग्गा, नदी वा खोला किनार आसपासका कृषक, कृषक समूह, कृषि सहकारी मार्फत क्लष्टरमा कार्यक्रम सचालन गर्नु पर्नेछ ।

झ) कार्यक्रम संचालन गर्न ज्ञान केन्द्रले क्लष्टर छनोट गर्दा क्लष्टरका लागि चाहिने जमिनको उपलब्धता, व्यवसायिकरणको संभाव्यता लगायत अन्य मापदण्डका आधारमा गर्न सक्ने छ ।

ञ) वन उपभोक्ता समितिद्धारा यदि सामुदायिक वनलाई प्रयोग गर्ने हतुले आयोजना प्रस्ताव पेश भएमा जिल्लास्थित वन कार्यालयबाट अनुमति लिनुपर्ने छ ।

अनुदानका लागि पेश हुन आएका दरखास्त वा प्रस्तावहरुको मूल्यांकन अनुसूची-४ बमोजिमका सूचकका आधारहरुमा हुनेछ र सो सम्बन्धी व्यबस्थाका लागि दफा ८ बमोजिमको मूल्यांकन समिति गठन हुनेछ ।

## ७. मुल्यांकन समिति

क) अनुदानका लागि पेश हुन आएका दरखास्त वा प्रस्तावहरुको मूल्यांकन र सो सम्बन्धी व्यबस्थाका लागि ज्ञान केन्द्र स्तरमा देहाय बमोजिम मूल्यांकन समिति गठनको व्यबस्था गरिएको छ । यस कार्यविधि अनुरुप अनुदान सम्बन्धी नीति निर्णय र आएको समस्याहरुलाई निराकरण गर्ने काम यसै समितिको हुनेछ ।

| | | |
|---|---|---|
| क) | कृषि अर्थ विज्ञ, ज्ञान केन्द्र | संयोजक |
| ख) | कृषि प्रसार अधिकृत/प्राविधिक, ज्ञान केन्द्र | सदस्य |
| ग) | प्रदेश लेखा नियन्त्रक कार्यालयको इकाईबाट प्रतिनिधि | सदस्य |
| घ) | वाली विकास अधिकृत/प्राविधिक, ज्ञान केन्द्र | सदस्य |
| ङ) | वागवानी विकास अधिकृत/प्राविधिक, ज्ञान केन्द्र | सदस्य सचिव |

ख) अधिकृत स्तरको कर्मचारी नभएको खण्डमा मात्र प्राविधिकलाई समितिमा राख्नुपर्नेछ ।

ग) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा अन्य व्यक्तिलाई आमन्त्रण समेत गर्न सक्नेछ ।

घ) कार्यक्रम कार्यान्वयन हुने क्षेत्र संग सम्बन्धित स्थानीय तह संग आवश्यक समन्वय र सहजीकरणको काम ज्ञान केन्द्रले गर्नेछ ।

ङ) समितिले मूल्यांकन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्नेछ ।

च) सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कृषि ज्ञान केन्द्र प्रमुखलाई हुनेछ । कार्यक्रम कार्यान्वयन सम्बन्धि निर्णयहरु स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम कृषि ज्ञान केन्द्रले गर्नेछ ।

**८. मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार**

क) यस कार्यविधिको अनुसूची-४ को मूल्यांकन ढांचा अनुरुप पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गर्ने ।

ख) स्वीकृत वजेटको परिधिभित्र कतिवटा क्लष्टरलाई अनुदान उपलब्ध गराउन सकिन्छ सो एकिन गरी अनुदान स्वीकृतीका लागि सिफारिस गर्ने ।

ग) व्यवसायिक करार खेती अनुदानको किस्ता निकासाको सिफारिस गर्ने ।

घ) व्यवसायिक करार खेती अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ङ) केन्द्रलाई व्यवसायिक करार खेती प्रोत्साहन सहयोग सम्बन्धमा आवश्यक सुझाव दिने ।

**९. कार्यक्रम संयोजक र निजको दायित्व**

क) जिल्लास्थित ज्ञान केन्द्रहरुले व्यवसायिक करार खेती सहयोग कार्यक्रम संचालन गर्नका लागि एक जना अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिनु पर्दछ ।

ख) संयोजकले आफ्नो जिल्लाका विभिन्न स्थानमा रहेका खेती योग्य सरकारी पर्ति जग्गा, बगर तथा हाई टेन्सन मुनीका जग्गाहरुको अबलोकन गरी खेती गर्न सकिने वालीहरुको एकिन गरी जिल्लाको सो सम्बन्धी तथ्यांकहरु तयार पार्नु पर्दछ ।

ग) जिल्लाको विभिन्न ठाउँहरुमा रहेका सरकारी पर्ति जग्गा, वगर तथा हाई टेन्सन मुनीका जग्गाहरुको क्लष्टरहरु तयार पार्नु पर्दछ र कार्यक्रम संचालन गर्दा क्लष्टरहरुमा संचालन गर्नु पर्दछ ।

## परिच्छेद ३

## अनुदान उपलब्ध गराउने विधि र सम्झौता

**१०. अनुदान उपलब्ध गराउने विधि**

क) व्यवसायिक करार खेती कार्यक्रममा समितिबाट सिफारिस भई छनोट भएका आवेदक र केन्द्र बीच अनुसूची-६ बमोजिमको द्विपक्षीय सम्झौता हुनेछ ।

ख) व्यवसायिक करार खेती गर्ने कार्यका लागि सम्झौता बमोजिम ज्ञान केन्द्रले अनुदानको रुपमा उत्पादन समाग्री वा सो सरहको अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

ग) अनुदान उपलब्ध गराउदा कृषक वा समूह वा सहकारी वा कृषि कम्पनीले व्यहोर्ने रकम वा उत्पादन समाग्रीको व्यवस्था अनिवार्य रुपमा हुनु पर्नेछ ।

घ) व्यवसायिक करार खेती प्रोत्साहन सहयोगका लागि अनुदान रकम पेश भएको कार्य योजना बमोजिम हुने छ । अनुदान रकम व्यवसायिक खेती गरिने जग्गाको क्षेत्रफलका आधारमा हुनेछ । छनोट समितिले प्रस्तावमा पेश भएको क्षेत्रफलको लागि लग्ने अनुमानित उत्पादन लागतको आधारमा एउटा प्रस्तावलाई बढीमा ५ लाखसम्म वा सो बराबरको उत्पादन समाग्रीहरु मात्र उपलब्ध हुनेछ। संचालन हुने क्रियाकलापको लागि कुल लाग्ने खर्चको बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराईनेछ । उत्पादन समाग्रीको हकमा वीउ, विषादी, मल र अन्य समाग्रीहरु एकमुष्ट वा पटक पटक उपलब्ध गराइने छ ।

ङ) अनुदान रकम बढिमा तीन किस्तामा कार्य प्रगति र सम्बन्धित प्राविधिकको स्थलगत सर्वेक्षण प्रतिवेदनका आधारमा अनुदानग्राहीको बैंक खातामा उपलब्ध गराईने छ ।

च) सम्झौता बमोजिम कुल लागत रकमको ३ (तिन) प्रतिशत वरावर हुन आउने रकम कन्टेजेन्सी वापत काटिनेछ ।

## परिच्छेद ४
## अनुगमन र विविध

### ११. अनुगमन व्यवस्था

क) व्यवसायिक करार खेतीको अनुगमन मन्त्रालय, निर्देशनाल र सम्बन्धित केन्द्रले गर्ने छन् ।

ख) मन्त्रालय वा निर्देशनालले यस कार्यविधि अनुरुप संचलनमा रहेको व्यवसायिक करार खेती र सो सम्बन्धी कार्यको अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

ग) उपदफा (क) वा (ख) बमोजिम भएको अनुगमन तथा निर्देशन लिखित अभिलेख⁄ प्रतिवेदन ज्ञान केन्द्रले सुरक्षित राख्नु पर्नेछ ।

घ) उपदफा (क) र (ख) बमोजिम लिइएको निर्देशन पालना गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ ।

ङ) अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

च) अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

छ) कार्यक्रम सँचालन पश्चात अनुसूची-७ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

**१२. कारबाहीको व्यवस्था**

सम्झौता अनुरुप काम नगर्ने अनुर्दानग्राहीलाइ केन्द्रले अनुदान रोक्का गर्न सक्नेछ । यस कार्यविधी अनुरूप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१३. बाधा अड्चन र निरुपण**

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण मन्त्रालयले गर्नेछ ।

**११. संशोधन**ः यो कार्यविधि मन्त्रलायले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१२. यस कार्यविधिमा भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।**

## अनुसूची-१

## व्यवसायिक करार खेती संचालन लागि अनुदानको लागि प्रस्ताव आवह्वाको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७.../.... मा सञ्चालन गरिने **व्यवसायिक करार खेती कार्यक्रम संचालन** सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ८० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित तपशिल बमोजिमका कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायि लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

२) समुह, सहकारी वा संस्थाको हकमा कार्यसमितिको बैठकले परियोजना निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

३) सम्बन्धित स्थानिय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

४) कार्यक्रम संचालनका लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

५) कम्तिमा १० बर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने प्रतिबद्धता पत्र ।

**पुनश्चः** निवेदन र परियोजना प्रस्ताव यस कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।

**थप जानकारीका लागि सम्पर्कः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय , गण्डकी प्रदेश र मातहतका निकायहरु

## अनुसूची-२

**व्यवसायिक करार खेती संचालन लागि अनुदान कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा**

| रु १० को टिकट |
|---|

श्रीमान ................... ज्यू, मितिः

**विषयः व्यवसायिक करार खेती संचालन लागि अनुदान सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तहाँ ...................बाट व्यवसायिक करार खेती सञ्चालनका लागि अनुदान उपलब्ध गराउन माग भए बमोजिमको प्रस्तावमा पेश भएका क्रियाकलाप संचालनका लागि जम्मा रकम रु........................./-( अक्षेरुपी ....... .........................................................) को व्यवसायिक उत्पादन योजना तयार गरी आवश्यक अन्य काजगातहरुसहित अनुदान सहयोगको लागि पेश गरेको ब्यहोरा अनुरोध गर्दछु । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................./ ( अक्षेरुपी....... ............................) बाहेकको अन्य रकम (**आवेदक संस्थाको नाम** ).... .........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................./ /-( अक्षेरुपी.... ............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ ............. बाट कार्यक्रमा छनौट गरि पाउँ भनी अनुरोध छ । साथै तपिशल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

**निवेदक**

उद्धमी, कृषक समूह/सहकारी/संस्थाको

अध्यक्ष/प्रतिनिधिको नामः

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

संस्थाको छापः

# अनुसूचि-३

## व्यवसायिक करार खेती अनुदान कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश प्रस्तावको नमूना

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| संस्था संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| मन्त्रालय वा मातहतका निकायबाट माग गरेको कूल अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश हुने कार्यालयको नाम | |

**२) कृषि व्यसायको हालको अवस्था**

तालिका : ............................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ... | | | | | |
| **जम्मा** | | | | | |

**३. प्रस्तावनाको औचित्य तथा महत्व**

**औचित्य तथा महत्व ............................**

**४. अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण**

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन्

- व्यवसायको आकार
- बार्षिक उत्पादन
- बार्षिक जम्मा आम्दानी
- रोजगारी सिर्जना

५) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

६) खर्च विवरण

क स्थिर खर्चको विवरण

| क्र.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

ख चालु खर्चको विवरण (एक बर्षको मात्र)

| क्र.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**७. लागत साझेदारी**

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| **क्र.सं.** | **विवरण** | **जम्मा खर्च** (रु.) | **परियोजना को पहिलो बर्षको** (रु.) | **अनुदान उपलब्ध गराउने संस्थाको** (रु.) | **अनुदानग्राहीको लागत** (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

## अनुसूची-४

### व्यवसायिक करार खेती सम्बन्धी कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

| क.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
| --- | --- | --- |
| क) | खेती गर्ने प्रस्तावित जमिनको उपयुक्तता<br>१) पर्याप्त तथा उपयुक्त जमिन भएको<br>२) पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको<br>३) अपर्याप्त तथा अनुउपयुक्त जमिन भएको | <br>२०<br>१५<br>० |
| ख) | खेती गर्ने ठाँउमा प्राकृतिक स्रोत र अन्य पूर्वाधारको उपलब्धता (पूर्वाधार भन्नाले सडक, सिँचाइ, विद्युत, बजार आदिलाइ बुझाउँदछ ।<br>१) अनुकुल हावापानी र पूर्वाधारको सुविधा भएको<br>२) अनुकुल हावापानी तर पूर्वाधारको सुविधा अपर्याप्त भएको | <br><br>२०<br>१५ |
| ग) | आवेदकको करार खेती वा लिजमा खेती अनुभव वा कार्यक्रम छनोटका आधार अनुसारको अनुभव (जम्मा ५ अङ्क)<br>१) ५ वर्ष भन्दा माथिको अनुभव<br>२) ३ देखी ५ वर्षसम्मको अनुभव<br>३) ३ वर्ष भन्दा कम अनुभव | <br><br>५<br>३<br>२ |
| घ) | प्रस्तावकको मुख्य पेशा कृषि (जम्मा २० अङ्क)<br>१) कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ५० % भन्दा माथि<br>२) कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३० देखी ५० % सम्म<br>३) ३० % भन्दा कम कृषि क्षेत्रको योगदान भएको | <br>२०<br>१५<br>१० |
| ङ) | प्रस्तावकको हाल गरिरहेको व्यवसायको अवस्था (जम्मा १०अङ्क)<br>(यसमा व्यवसायको व्यवसायिकरणको अवस्था आधुनिकिकरण वा करार खेती वा बगर खेती जस्ता आधारहरूलाई खण्डिकरण गरी अंक दिन उपयुक्त हुने) | १० |
| च) | पिछडिएको वर्ग/क्षेत्र वा जाति/भुकम्प प्रभावित/द्वन्द पिडित (जम्मा १०अङ्क) | १० |
| छ) | महिला वा युवा (जम्मा १० अङ्क) | १० |
| ज) | कृषि व्यवसायमा नयां प्रवेश (जम्मा ५अङ्क) | ५ |
| | **जम्मा** | १०० |

## अनुसूची-५

## प्रतिवद्धता पत्र

................को मिति २०७..../ ..../ ....को सूचनामार्फत माग भए अनुसार व्यवसायिक करार खेती सञ्चालनका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्ययोजना उल्लेख भए बमोजिमको कार्य अनुदानको रकम पश्चात पनि निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । इतिसम्बत २०७...../ ..../ .....गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

| दाँया | बाँया |
|---|---|
| | |

मिति :

संस्थाको छाप :

## अनुसूची-६

## सम्झौता–पत्र

१. यो सम्झौता पत्र...........................(प्रथम पक्ष) र..........................(दोश्रो पक्ष) बीच व्यवसायिक करार खेती सञ्चालनका सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ । सम्झौता भएको मितिदेखि यो सम्झौता लागु भएको मानिनेछ ।

२. द्रोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

३. प्रथम पक्षले द्रोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको रकम सम्बन्धित कार्यालयबाट खटिएको प्राविधिकको स्थलगत प्रतिवेदन र कार्य प्रगितका आधारमा उपलब्ध गराउनु पर्नेछ ।

४. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ । साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

५. अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

६. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

७. प्रस्तुत कृयाकलापहरु चालु आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

## अनुसूची-७

## उपलब्धि अनुगमन सूचक

१. उद्धमीको नाम, ठेगाना:

२. परिचय पत्र नं.

३. संचालन गरेको व्यवसाय :

४. व्यवसायको प्रकारः नयाँ/पुरानो

५. लाभान्वित घरधुरी वा कृषक, समुह, सहकारी:

६. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो/हैन ।

७. जम्मा संचित पूँजी वा बचत:

८. हाल प्राप्त अनुदानको प्रकार: चालुमात्र/ पूँजीगत मात्र/ दुवै

९. रोजगारीको अवस्था

| महिलाः | पुरुषः |
|---|---|

**१०. हालको व्यवसायिक विवरण**

| सि . .नं | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | सञ्चालनमा आएको मिति | प्रविधि प्रयोग | व्यवसाय संचालन पश्चात उत्पादनमा भएको बृद्धि | व्यवसाय संचालन पश्चात रोजगारीमा भएको बृद्धि | व्यवसाय संचालन पश्चात भएको पूर्वाधार विकास | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |

जम्मा वार्षिक लगानी रु.

अनुदानबाट प्राप्त रकम रु.

सरदर वार्षिक आम्दानी रु.

सरदर वार्षिक पारिवारिक खर्च रु.

कृषि आम्दानीको योगदान प्रतिशत :

व्यवसाय सञ्चालनको वर्षः

**आफ्नै पहलमा संचालन भए, गरेका कार्यहरू**

१.

२.

३.

**आगामी योजनाहरु .....**

१.

२.

३.